रिब्दीकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ रिब्दीकोट माघ १७, २०७६ साल संख्याः ५

भाग – २

## रिब्दीकोट गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँ सभाले बनाएको तल लेखिए बमोजिम तरकारी उत्पादनमा आधारित अनुदान कार्यक्रम कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## रिब्दीकोट गाउँपालिकाको तरकारी उत्पादनमा आधारित अनुदान कार्यक्रम कार्यविधि– २०७६

गाउँसभाबाट पारित मिति : २०७६।१०।१७

पृष्ठभूमि

रिब्दीकोट गाउँपालिका अन्तर्गत कृषिजन्य उत्पादन बृद्धि गर्न त्यसको गुणस्तर कायम राख्न, प्रशोधन गर्न र बजारीकरण गर्न आवश्यकता महशुस गरि कृषकहरुको मागका आधारमा व्यवसाय दिगो राख्न र व्यवसायी कृषकहरुलाई अझ प्रोत्साहन गर्न, उत्पादित को परिणाम, गुणस्तर र बजारीकरणका आधारमा अनुदान प्रवाह गरेमा एकातिर संगठित बजारमा गुणस्तरीय कृषि उत्पादन बढ्ने छ भने अर्कोतर्फ तरकारी उत्पादन व्यवसाय दिगो र व्यवसायिक रुपमा अगाडी बढाउन यो अनुदान कार्यक्रम कार्यविधिका रुपमा तरकारी

उत्पादक कृषि फर्महरुलाई उत्पादनको आधारमा अनुदान उपलब्ध गराउन आवश्यक देखिएकाले यस गाउँपालिकाले तरकारी उत्पादनको आधारमा अनुदान कार्यक्रमलाइ व्यवस्थित सरल, सहज, प्रभावकारी र पारदर्शि रुपमा स्थापना र संचालन गर्न यो कार्यविधि गाउँपालिकाबाट जारी गरिएको छ ।

१ प्रारम्भिक

क) संक्षिप्त नाम र प्रारम्भः

१. यो कार्यविधिको नाम अनुदान कार्यक्रम कार्यविधि, २०७६ रहेको छ ।

२. यो कार्यविधि रिब्दीकोट गाउँ सभाबाट स्वीकृत भएपछि लागु हुनेछ ।

२ परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

२.१ “कार्यालय” भन्नाले रिब्दीकोट गाउँपालिकाको कार्यालय सम्झनु पर्नेछ ।

२.२ “कार्यदल” भन्नाले, गाउँपालिकाको आर्थिक विकास शाखा सम्झनु पर्नेछ ।

२.३ “कार्यविधि” भन्नाले, तरकारी उत्पादनमा आधारीत अनुदान कार्यक्रम कार्यविधि, २०७६ रहेको छ ।

३ उद्देश्य :

यस कार्यविधीका उद्देश्यहरु देहाय बमोजिम रहेका छन :

३.१ अनुदान वितरण नीतिलाई प्रकृयामुखिबाट परिणाममुखि तर्फ लैजाने ।

३.२ तरकारी उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाइ सो व्यवसायलाई प्रतिष्ठित एवं दिगो व्यवसाय वनाउन

प्रोत्साहन गर्ने ।

३.३ अनुदानको सही, दक्ष र प्रभावकारी रुपमा वितरण, उपयोग र सदुपयोग गर्ने ।

३.४ तरकारी उत्पादनलाई संगठित बजारमा प्रवाह गर्ने ।

३.५ गाउँपालिकाको प्रतिवद्धता अनुरुप कृषि उत्पादनमा गाउँपालिकालाई आत्मनिर्भर बनाउने लक्ष्य पुरा गर्न सहयोग गर्ने ।

३.६ तरकारी उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्ने

४ कार्यक्रम अवधिः

हाललाई यस कार्यक्रम को अवधि मिति २०........... मसान्त सम्मको हुनेछ

५ कार्य संचालन र प्रक्रियाः

५.१ गाउँपालिकाको कार्यालयले उक्त अनुदान कार्यक्रममा सहभागी हुन चाहने कृषि फर्महरुका लागि प्रस्ताव निवेदन आव्हवान (अनुसुचि १ वमोजिम) हुनेछ ।

५.२ यस कार्यक्रममा सम्मिलित हुन वुँदा नं. ५.३ वमोजिम मापदण्ड पुरा गरेका इच्छुक फर्मले तोकिएको म्याद भित्र अनुसुचि २ वमोजिमको निवेदन गाउँपालिकाको कार्यालयमा दिनुपर्ने छ ।

५.३ फर्मको मापदण्ड

क) हाल ३ रोपनी जग्गामा तरकारी तरकारी खेती गरेको ।

ख) फर्म दर्ता भएको र नविकरण गरेको हुनुपर्ने ।

ग) वडा कार्यालय सिफारिस संलग्न गरेको ।

घ) फर्ममा विषादी मानव स्वास्थ्य रहित हुने गरी सुरक्षा विधि अवलम्वन गरेको हुनु पर्ने छ ।

५.४ वडा कार्यालयले वुँदा नं. ५.३ अनुसार वडा कार्यालयमा प्राप्त भएका मध्ये न्युनतम मापदण्ड पुरा गरेका फर्म छनोट गरी गाउँपालिकाको कृषि समन्वय इकाईमा पठाउनु पर्ने छ ।

५.५ कृषि समन्वय इकाईवाट सिफारिश भई आएका फर्म/समुह आवेदन, प्रस्ताव उपर छानविन तथा मूल्यांकन गर्नको लागि तपसिल अनुसारको मूल्यांकन समिति रहने छ ।

| | |
|---|---|
| गाउपालिका अध्यक्ष | संयोजक |
| गाउँपालिका उपाध्यक्ष | सह-संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| लेखा प्रमुख/सहायक | सदस्य |
| कृषि समन्वय इकाई प्रमुख | सदस्य-सचिव |

५.६ उपदफा ३ अनुसारको कार्य मूल्यांकन समितिले पर्न आएका निवेदनहरुको मूल्यांकन गरी अनुदान उपलब्ध गराउन गाउँपालिका समक्ष सिफारिस पेश गर्ने छ ।

५.७ अनुदानको लागि छनौट भएका तरकारी उत्पादक फर्मले अनुसूची ३ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

५.८ सम्झौता भएका उत्पादक कृषि फर्महरुलाई विनियोजित बजेटको परिधि भित्र रही गाउँपालिकाले अनुदान रकम वितरण गर्ने छ ।

६ तरकारी उत्पादनमा आधारीत अनुदान कार्यक्रम कार्यान्वयनको लागि आर्थिक आधार :

कम्तिमा ३ रोपनी क्षेत्रफलमा तरकारी खेती गरेको हुनुपर्नेछ ।

७ अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्वन्धी व्यवस्था

यस कार्यक्रमको अनुगमन रिब्दीकोट गाउँपालिकाको कृषि समन्वय इकाईले गर्नेछ र सोको मूल्यांकन गरी प्रतिवेदन रिब्दीकोट गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

८ थपघट वा हेरफेर गर्न सक्ने

८.१ यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर गर्न सक्नेछ ।

८.२ यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि कार्यपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्ने छ ।

८.३ यो कार्यविधि कार्यान्वयन गर्न आवश्यक पर्ने अनुसूचीहरुको निर्माण तथा परिमार्जन गाउँपालिकाले गर्न सक्नेछ ।

## अनुसुची -१

## कृषि फर्महरुलाई तरकारी उत्पादनमा आधारित अनुदान कार्यक्रम सम्बन्धी प्रस्ताव आव्हान

तरकारी उत्पादन आधारमा अनुदान कार्यक्रममा फर्महरुलाई अनुदान वितरण गर्न इच्छुक तरकारी उत्पादक कृषि फर्महरुका लागि प्रस्ताव आब्हान

गाउपालिकाको आ.व.................... को बार्षिक स्वीकृत कार्यक्रम अनुसार तरकारी उत्पादनमा आधारीत अनुदान कार्यक्रम रहेकोले सो कार्यक्रममा आफु सहभागी हुन इच्छुक तरकारी उत्पादक कृषि फर्महरुले यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र अनुसुचि २ अनुसारको निवेदन गाउँपालिकामा पेश गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ । विस्तृत जानकारीको लागि रिब्दीकोट गाउँपालिकाको कृषि समन्वय इकाइमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची- २

तरकारी उत्पादक कृषि फर्मले गाउँपालिका कार्यालयमा दिने आवेदन पत्रको ढाँचा

मिति

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
रिब्दीकोट गाउँपालिका
खस्यौली, पाल्पा ।

विषय : तरकारी उत्पादनमा आधारीत अनुदान कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा मिति....................मा प्रकाशित सूचना अनुसार यस.................फर्मले तरकारी उत्पादनमा आधारीत अनुदान कार्यक्रममा समावेश हुने चाहना भएकाले सो प्रयोजनका लागि तपसिल अनुसारको विवरण भरी निवेदन पेश गरेका छौं ।

तपसिल

१) वडा कार्यालयको सिफारिस
२) नागरिकताको प्रतिलिपि
३) लालपुर्जा
४) फर्म दर्ता प्रमाण पत्र
५) तरकारी विवरण
६) प्रस्तावित योजनाको लागि कुनै स्रोतबाट अनुदान नलिएको स्व : घोषणा

निवेदक

नाम :.....................
ठेगानाः .......................
सम्पर्क न........................

## अनुसूची- ३

रिब्दीकोट गाउँपालिका र कृषि फर्म विच हुने सम्झौता फारमको ढाँचा

रिब्दीकोट गाउंपालिकाको कार्यालय (यसपछि प्रथम पक्ष भनिने) ..................... (यस पछि दास्रो पक्ष भनिने) विच तरकारी उत्पादनमा आधारीत अनुदान कार्यक्रममा तपसिलका शर्तहरु पालना गर्ने गराउने गरी यो द्विपक्षीय सम्झौता गरिएको छ ।

तपसिल :

१. पहिले पक्षले दोस्रो पक्षलाई एकमुस्ट अनुदानमा रकम उपलब्ध गराउने छ ।

२. दोस्रो पक्षले अनुदान रकम बराबरको मिति .............. भित्र बिलभरपाई पेश गरेअनुसार बढीमा रु. ...............।- (प्रथम पक्षले भुक्तानी गर्ने छ

३.. दोश्रो पक्षले नियमित रुपमा बिषादी सूरक्षाको व्यवस्था मिलाउने,तोकिए अनुसारको सफा र स्वच्छ उत्पादन,ढुवानी लगायतका कार्यहरु गराउनु पर्नेछ ।

४. दोश्रो पक्षले उत्पादन स्थलदेखि आफूले विक्री गर्ने स्थानसम्म सफा, स्वस्थ्य र गुणस्तरयुक्त तरकारीको कारोवारको पूर्ण व्यवस्था गर्नु पर्नेछ ।

५. दोश्रो पक्षले नमुना फर्म संचालन गरि गाउँपालिकालाई सहयोग गर्नु पर्नेछ ।

६. दोश्रो पक्षले यो सम्झौता बमोजिमका कार्य नगरेमा वा उपलब्त्र स्रोत साधनको दुरुपयोग गरेमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फी रुपमा सम्झौता भंगगरी प्रचलित कानुन बमोजिम अनुदान रकम असूल उपर गर्न सक्नेछ ।

७. बिउ खरिद ,मल खरिद,भिटामिन बिषादी खरिद,कृषि औजार खरिद गरि दोस्रो पक्षले प्रथम पक्ष समक्ष भुक्तानी माग गर्नुपर्ने छ ।

८ . यस सम्झौतामा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

माथि उल्लेखित शर्तहरु पालना गर्न गराउन मञ्जुर भई यो सम्झौतामा दस्तखत गर्दछौं ।

| दोश्रो पक्ष | प्रथम पक्ष |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नामः |
| पदः | पदः |
| फर्मको नामः | कार्यालय : |

रोहवर : रोहवर :

| नाम : | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | रिब्दीकोट गाउँपालिका | ..................... |
| २. | लेखा अधिकृत | रिब्दीकोट गाउँपालिका | ..................... |
| ३. | ना.प्रा.स | रिब्दीकोट गाउँपालिका | ..................... |

इतिसम्बत् २०.........साल ................ महिना ............ गते रोज ................ शुभम

आज्ञाले

रिषीराम अर्याल

प्रमुख प्रशासकीय अधिकृत